२९.१०.२०७७
बुलेटिन
७

# GOV-HER-NANCE

"Gov-her-nance" महिलाको भुमिका, स्थानीय विकास र खुला सरकार सम्बन्धी विद्यमान समस्याको समाधान गर्ने हेतुले नयाँ आवाजलाई स्थान दिने एक पृथक अवधारणा हो । Gov-her-nance बुलेटिनले नेपाल भरिका विभिन्न समुदायबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । हामी यस बुलेटिनको माध्यमबाट महिला तथा लैंगिक अल्पसंख्यकका मुद्दालाई बाहिर ल्याएर धनगढी उप-महानगरवासी र उप-महानगरपालिका बिचको सूचनाको दुरी कम गरी लैंगिक मैत्री उप-महानगरको अवधारणालाई साकार पार्ने लक्ष राख्दछौं ।



घरको कामसँगै छोरालाई पढाउँदै धनगढी उप-महानगरपालिकी स्थानीय महिला

*तस्वीर : पुष्पा ओझा भट्ट*

## लैंगिक हिंसालाई प्रभावकारी र कुशलतापूर्बक सम्बोधन गर्न एकद्वार संकट व्यवस्थापन केन्द्र

### एकद्वार संकट व्यवस्थापन केन्द्रले दिने सेवाहरु

- लैंगिकहिंसा पीडित महिला तथा बालबालिकाहरुलाई स्वास्थ्य सेवा
- मनोसामाजिक परामर्श
- अल्पकालिन आश्रय
- कानूनी परामर्श
- चिकित्साबाट प्रमाण संकलन
- आवश्यक सुरक्षा व्यवस्था
- परिवार वा समुदायमा पुनर्स्थापना
- जीविकोपार्जन हुने कार्यमा सहयोग



यस्ता केन्द्रले हिंसा पीडितहरुलाई २४ सै घण्टा नि:शुल्क सेवा प्रदान गर्दछन् । यी केन्›हरुले पीडितलाइ खान, कपडाको व्यवस्था गराउने अभिभावक वा हेरचाहकर्ता नभएको खण्डमा हेरचाह गर्ने कुरुवाको व्यवस्था पनि गर्दछन् । यस बाहेक पीडितको उपाचारको लागि अन्य अस्पतालमा रिफर गर्नु परेमा, रिफरको साथसाथै यातायात र खाना खर्च, बालबालिका वा कुनै एक जाना अभिभावकको यातायात तथा खाना खर्च समेत पनि व्येहोर्ने गर्दछन् । धनगढीमा भने एकद्वार संकट व्यवस्थापन केन्द्र सेती आस्पतालमा स्थापना गरिएको छ ।

स्रोत : अस्पतालमा आधारीत एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन मार्गदर्शन

# हल्ला र तथ्य

**सरकारले सुत्केरीलाई न्यानो झोला दिन्छ रे, त्यो न्यानो झोला भनेको के हो ?**



न्यानो झोला भनेको नवजात शिशुका लागि २ वटा टोपी, २ वटा भोटो, २ वटा दाउरा, एउटा न्यापिर, एकातर्फ प्लाष्टिक र अर्कोतर्फ फलाटिन कपडा भएको बेबी म्याट र आमाको लागी एउटा म्याक्सी राखिएको एउटा झोला हो । न्यानो झोलाका लागि सरकारले हिमाली जिल्लाका जिल्ला अस्पतालहरुमा प्रति सुत्केरी रु. १००० र तराई र पहाडी जिल्लाका जिल्ला अस्पतालहरुमा प्रति सुत्केरी रु. रु ९०० को दरले बजेट छुट्याइएको हुन्छ ।


श्रोत : https://mohp.gov.np/images/karyakram_sanchalan_staniya.PDF

**छाउपडी प्रथा अन्त्य गर्न भनेर संघसंस्था मात्र अगाडी आएको देखिन्छ । सरकारले केही गर्दैन ?**



सरकारले विद्यालय, छाउपडी प्रथाबाट प्रभावित बालिका तथा महिला, समुदाय (धामी, झाँक्री, पण्डित, मुखिया आदि), परिवारका वरिष्ठ सदस्य सहित अन्य सदस्य, र राजनीतिक दलहरुलाई प्राथमिकतामा राखेर छाउपडी अन्त्य गर्न अल्पकालीन र दिर्घकालीन कार्यक्रमहरु तयार पारेको छ । यसकासाथै छाउपडी प्रथाको अन्त्य गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने कार्यक्रम पनि छ । दिर्घकालीन रुपमा भने महिलाहरुको सहभागिता सुनिश्चित गर्न उनिहरुको चौतर्फी विकास गर्ने, कानूनी व्यवस्थाद्वारा महिलाको मानव अधिकारको सुनिश्चित गर्ने कार्यक्रमहरु पनि सरकारले अगाडी सारेको छ ।

श्रोत: http://mowcsc.gov.np/uploads/uploads/5XJJPfzcr1qO9Wk6w1ENIEti2gfVBk2iqGZzH59e.pdf




**दाइजो प्रथालाई गैर कानूनी मानिन्छ, तर अझै पनि यसको अन्त्य भएको देखिदैन । यसको लागि कानूनी साजय के छ ?**

आफ्नो परम्परा अनुसार सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक बिवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल सम्पती माग गरी वा लेनदेन शर्त राखी बिवाह गर्नु वा गराउनुलाई गैरकानूनी मानिन्छ । यसो गरेको पाइएमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । बिवाह गरिसकेपछि पनि दाइजो माग गर्ने वा दाइजाको कारणले महिला वा उनका नातेदारलाई कुनै किसिमले हैरान पार्ने, सताउने, कुनै अमानविय वा अपमानजन्य व्यवहार गरेमा पनि पीडकलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । कुनै सम्पती लिएको ठहरेमा त्यस्तो सम्पत्ती पनि सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्दछ ।

स्रोत : अपराध ऐन

# कथा

## एकल महिलाको कथा



धनगढी उप-महानगरपालिका वडा नम्वर ११ घोडसुवा बस्ने सुन्दरी रानाका श्रीमान ५ वर्ष अगाडी एकदिन कुनै पनि बिरामी नभई एक्कासी बेहोस भए । ४ दिन पछि कोहोलपुरबाट भारत लैजादै गर्दा बाटोमै उनको मृत्यु भयो । त्यस पश्चात सुन्दरी एकल जीवन बिताईरहेकिछिन् । श्रीमान बितेको ४ वर्षसम्म उनी सासु, ससुरा, जेठाजु, जेठानीसँगै बसिन् । तर, त्यो बसाई उनका लगि निकै पीडादायक रह्यो । राना थारु समुदायको परम्परा अनुसार जेठानी देउरानीको एक-एक महिनामा खाना पकाउने पालो पर्दछ । त्यसका लागि समेत उनलाई खाद्यान्न सामाग्री, नुन, तेल, तरकारी, मिलमा धान कुटाई गर्ने खर्च समेत दिएनन् । उनको छोराको पढाई खर्च र लुगाफाटो दिने त कुरै थिएन ।

आर्थिक रुपमा सम्पन्न माईती भएकोले उनलाई केहि हदसम्म राहत मिल्यो । हरेक कामको लागि उनकी आमाले खर्चको जोहो गरिदिन्थिन् । आफ्नै परिवारबाट त विभेद छदैं थियो, समाजले पनि विभेदपूर्ण व्यवहार गर्‍यो । उनिसँग पहिले एकदम नजिक भएका व्यक्तिहरु पनि उनको श्रीमानको मृत्यु भए पश्चात टाढा भए । उनिसँग हिड्डुल गर्नपनि गाह्रो मान्न थाले । कसैसँग बजार गइहाले पनि, उनिहरुका श्रीमान, ससुरा रिसाउनथाले । कसैले काम परेरै फोन गर्दा उनका जेठाजुले शंका गरेर गाली बेईजती गर्नथाले । उनको श्रीमान जीवित हुदाँ यही समाजका व्यक्तिहरुको बोलीचाली सभ्य हुन्थ्यो, तर श्रीमान नहुँदा समाजले “विधुवा त हो, धेरै दिन के बस्ला, अर्कै पोइल त जान्छे होला” भन्ने जस्ता घृणित शब्दहरु प्रयोग गर्नथाले ।

परिवारसँग बस्ने वातावरण नभएपछि हाल उनी छुट्टिएर एक्लै बस्नथालेकिछिन् । छुट्टिएर बस्दा कच्चिघर बनाउन काठ समेत नदिएर जेठाजुले विभेद गरे । यस विषयमा समाजले पहल गरेपछि नयाँ घर बनाउन केही काठको व्यवस्था गरिदिए । एकल महिलालाई अंशबण्डा दिन अझै पनि समाजले आनाकानी गरिरहेको अवस्था छ । सम्पतीको अधिकारबाट उनिहरुलाई बञ्चित गरे पछि उनिहरुका अन्य अधिकार पनि ओझेलमा पार्न सकिन्छ भन्ने मानसिकता अझै विद्यमान छ । यसले पनि उनीहरुको अधिकारको लडाईलाई कमजोर बनाईदिएको छ । यस्तो अवस्थाका महिलालाई माथी ल्याउन जिम्मेवार निकायको भुमिका पनि त्यतीकै महत्वपूर्ण छ ।

> “उनको श्रीमान जीवित हुदाँ यही समाजका व्यक्तिहरुको बोलीचाली सभ्य हुन्थ्यो, तर श्रीमान नहुँदा समाजले “विधुवा त हो, धेरै दिन के बस्ला, अर्कै पोइल त जान्छे होला” भन्ने जस्ता घृणित शब्दहरु प्रयोग गर्नथाले ।”



# समुदायको प्रतिनिधी आवाज

## राजकुमारी राना

*स्थानीय महिला,*
*धनगढी उप-महानगरपालिका, वडा नं. ११*



म एउटा निरक्षर महिला हुँ । यहि कारणले आफ्नो समाजमा अझै परिचित हुन सकेकी छैन । जिविकोपार्जनका लागि खेतिबारिमा काम गरेर तरकारी बेचिरहेकी छुँ । यसबाट छोराछोरीको लागि पढाई खर्च पनि जुटिरहेको छ । तर, नपढेकै कारण तरकारी बेच्दा कति पैसा फिर्ता दिने भन्ने छिटो एकिन गर्न सक्दिन । यतिखेर भने नपढेर पछाडी परियो जस्तो लाग्छ । यदि म शिक्षित महिला भएको भए, यो भन्दा पनि राम्रो प्रगती गर्नसक्ने थिएँ । म जस्ता थुप्रै महिलाले म जस्तै समस्या भोगिरहेका होलान् जस्तो लाग्छ । त्यसैले अहिलेको अवस्थामा छोरीलाई आत्मनिर्भर बनाउन पनि शिक्षा दिनु अतिनै महत्वपूर्ण छ ।

## तुलसी देवी सार्की

*स्थानीय महिला,*
*धनगढी उप-महानगरपालिका, वडा नं. ६*



म अहिले ६० वर्षकी भएँ । मेरो जिन्दगी दुखै दु:खमा बित्यो । हामी ५ दिदिबहिनी छौं । हाम्रा दाजुभाई भएनन् । त्यसै कारणले बुवाले आमालाई पीडा दिईरहनुहुन्थ्यो । यसले हामीलाई मानसिक रुपमा कमजोर बनाउँथ( यो । बिवाहपछि पनि दैनिक गुजारा गर्न निकै कष्ट गर्नुपर्‍यो । छोराछोरी पनि भए । अहिले छोरीहरुको बिवाह भइसक्यो र छोराहरु पनि छुट्टै बसेकाछन् । यो उमेरमा मसँग कोही पनि साथमा छैनन् । श्रीमानको पनि मृत्यु भइसक्यो । सरकारले दिएको भत्तामा गुजारा गर्नुपरिरहेको छ । त्यति भात्ताले पनि दैनिकी गुजार्न पुग्दैन । मसँग अरु उपाय पनि छैन । कहिलेकाहीं सुकुल बुनेर बेच्छु । यसले अलिअलि पैसाको जोहो हुन्छ । उमेरमा न त पढेर सिप सिकियो, न त बुढेसकालको लागि पैसा जम्मा नै गर्न सकियो । परनिर्भर हुँदा बुढेसकालमा दु:ख पाईनेरहेछ ।

CIVIC ACTION TEAMS



## DISCLAIMER

*यो अंकमा समेटिएका जानकारीहरु समुदायमा काम गरिरहेका स्वम्सेवक, अनलाईन माध्यममा उपलब्ध आधिकारिक स्रोत, सरकारी कार्यालय र अकाउन्टविलिटी ल्याब नेपालको फेलोसिप अन्तरगत काम गरिरहेको महिलाको समुहले विभिन्न व्यक्तिह( रुसँग विगत एक हप्तामा प्रत्यक्ष तथा अप्रत्यक्ष गरेको कुराकानीका् आधारमा संकलन गरिएकाहुन् । विषयको महत्व, सान्दर्भिकता र यसले धनगढी उप-महानगरपालिकामा पार्न सक्ने सकारात्मक प्रभावलाई ध्यान दिएर प्रस्तुत विषयवस्तु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

**“Gov-her-nance” अकाउन्टविलिटी ल्याब नेपालले धनगढी उपमहानगरपालिकासँगको सहकार्य र CFLI को सहयोगमा तयार गरिएको हो ।**

accountabilitylab NEPAL

DHANGADHI SUB-METROPOLITAN CITY

Activity supported by the Canada Fund for Local Initiatives
Activité réalisée avec l'appui du Fonds canadien d'initiatives locales
Canada

@CivicActionTeams @CivActs @civacts

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219